रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ रामग्राम, फागुन ८ गते, २०७७ साल संख्या ६

भाग-१

## “रामग्राम नगरपालिकाको कृषि व्यवसाय व्यवस्थित र प्रवर्द्धन गर्न बनेको ऐन, २०७७”

सभाबाट स्वीकृत मितिः २०७७।११।०८

**प्रस्तावनाः**

रामग्राम नगरपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, आयात प्रतिस्थापन गर्न, स्वाधिन अर्थतन्त्रको निर्माण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यावसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,रामग्राम नगरपालिकाको सातौं नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन निर्माण गरिएको छ।।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम “रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) “प्रमुख” भन्नाले रामग्राम नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) “उत्पादक” भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ।

(ग) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(घ) “कार्यपालिका” भन्नाले रामग्राम नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ) “कोष” भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ।

(च) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी

